# गण्डकी गाँउपालिका, भुम्लीचोक गोरखा

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिबेदन

## २०७६

गण्डकी गाँउपालिका, भुल्मीचोक, गोरखा

# विषय-सूची


१. पृष्ठभूमि :......2
२. अध्ययनको महत्व :......3
३. लैङ्गिक समानता सामाजिक परीक्षण परीक्षणको उद्देश्यहरु......4
४. अध्ययनका क्षेत्रहरु......4
५. अध्ययनको तरीका र विधि......4
६. सहभागिहरु......6
७. विश्लेषणका औजारहरु......6
८. परीक्षणबाट आएका मुख्य प्राप्तिहरु......6
८. १ गाँउालिकाको कानुन तथा नीतिमा लैङ्गिक समानता तथा समावेशीकरण......6
८.२. लैससास विश्लेषणमा आधारित योजना तर्जुमा......7
८.३. योजना कार्यान्वयन, अनुगमन र मूल्यांकन......7
८.४ आन्तरिक संरचना......7
८.५ क्षमता विकास......8
८.६ नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता......8
८.७. सेवा प्रवाह र संस्थागत संस्कृति......8
८.८ सुशासन......9
९. लैससास बजेट परिक्षण बिधिवाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था......9
९.१ परीक्षण पश्चात सूचकहरुले प्राप्त गरेका अंक......9
९.२ माकुरे जालो......16
१०. सवल पक्ष र सूधार गर्नु पर्ने पक्षहरु......17
१२. निष्कर्ष तथा सुझावहरु......19
अनुसूचीहरु......1
अनुसूचीहरु १ गण्डकी गाँउपालिकाको लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना......1
अनुसूची २ : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका सूचकहरु......1
अनुसूचीहरु ३ लैगिक परीक्षण कार्यक्रमका केही झलकहरु......9
अनुसूचीहरु ४ सहभागि नामावलि......10

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिबेदन २०७६

## १. पृष्ठभूमि :

नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत गण्डकी अञ्चलका ६ जिल्लाहरु मध्ये एक ऐतिहासिक महत्व रहेको गोरखा जिल्ला रहेको छ। नेपाल राज्यको केन्द्र भागमा अवस्थित गोरखा जिल्लाको आफ्नै एतिहासिक महत्व रहेको छ। नेपालको संविधान (२०७२) बमोजिम नेपाल सरकारले स्थानीय निकायहरुको पुन:संरचनाको लागि गठन गरेको उच्च स्तरीय आयोगले २०७३ पुष २२ मा नेपाल सरकारलाई बुझाएको प्रतिवेदन नेपाल सरकारले परिमार्जन गरी २०७३ फागुन २७ गतेबाट स्थानीय तह लागू गर्ने निर्णय अनुसार यस गोरखा जिल्लाको साविकका गा.वि.स.हरु फुजेल, दर्बुङ, भूम्लिचोक, घ्याल्चोक, ताङलीचोक र मकैसिङ गाविसलाई समायोजन गरी गण्डकी गाउँपालिका गठन गरिएको छ। यसै सन्दर्भमा प्रत्येक समुदाय,जातजातिहरुको समानुपातिक ,सन्तुलित र न्यायसँगत प्रगति हुन सके मात्रै गाउँपालिकमा दिगो शान्ति र उन्नति प्रत्याभूत हुन्छ। हाम्रो समाजमा विद्यमान लैङ्गिक,जातीय असमानता, विभेदयुक्त व्यवहार र मान्यता, महिला हिंसा, महिला शोषण तथा उत्पीडन, गरिवी आदि जस्ता विसंगतिहरुलाई निरुत्साहित गर्न गण्डकी गाउँपालिकाद्धारा सरकारी, गैर सरकारी क्षेत्र, निजी क्षेत्र तथा नागरिक समाज र दातृ निकाय समेतको सहयोग परिचालन गरी उल्लेख्य कार्यहरु हुदै आइरहेका छन्।

नेपालको संविधानको प्रस्तावनामा वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गर्ने तथा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ। त्यसकारण गण्डकी गाँउपालिकाकाले बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधता युक्त विशेषतालाई आत्म साथ गर्दै वर्गीय जातीय, लैङ्गिक विभेद र सबै प्रकारका जातिय छुवाछुतको अन्त्य गरी न्यायपूर्ण समाज स्थापना गर्ने, लैङ्गिक समानता, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक गाँउपालिकाको निर्माण गर्ने सङ्कल्प लिएको छ। यी बर्गहरुको समानुपातिक विकासबाट नै समग्र समाजको विकास हुन पुग्दछ। समानुपातिक विकास आजको आवश्यकता हो। समुन्नत परिवार र समग्र समाजको विकासमा सबै बर्ग,जाति,भाषा,बर्ण,लिङ्ग र क्षेत्रको समान दायित्व र योगदान हुन आवश्यक छ। समुन्नत समाजको विकासमा यी सबै वर्गको समान महत्व हुदाहुदै पनि राष्ट्रको समग्र स्थितिमा समानताको अभाष अझै भएको पाईदैन।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी व्यवस्था प्रस्तावनमा नै उल्लेख गरिएको छ। यसका अलावा दफा ११ को गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारको उपदफा (२) (त) मा जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति र असक्तहरुको व्यवस्थापन गर्ने जिम्मेवारी अन्तर्गत विभिन्न क्रियाकलापहरु संचालन गर्ने अधिकार प्रदान गरेको छ भने दफा २४ उपदफा (२) मा स्थानीय तहले योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुनेगरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिवर्तन अनुकुल, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ भन्ने व्यवस्था उल्लेख गरिएको छ। यसैगरी सोही दफाको उपदफा (३) गाउँपालिका तथा नगरपालिकाले आफ्ना योजना बनाउँदा महिला बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता तथा समाजिक समावेशीकरण अभिबृद्धि हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्नेछ भनी उल्लेख गरेको छ।

महिला,दलित,आदिवासी जनजाति,मधेसी,उत्पीडित,उपेक्षित र अल्पसङ्ख्यक समुदाय र पिछडिएका क्षेत्र लगायतले भोग्नु परेका समस्यालाई सम्बोधन गर्न राज्यको समावेशी,लोकतान्त्रिक र अग्रगामी महिला र पुरुषबीच भेदभाव गर्न नहुने वा गर्न नपाईने भने पनि व्यवहारमा समानता छैन। संविधानसभाबाट नयाँ निर्माण भएको नेपालको संविधान २०७२ मा महिलाको हक,अधिकार संरक्षण गर्न प्रष्ट प्रावधान समेत राखिएको छ। तसर्थ यसरी निर्माण हुने संविधान, ऐन, नियम,नीतिलाई सहयोग पुऱ्याउन स्थानीय तहहरुमा लैङ्गीक समानता तथा सामाजिक समावेशीकरण परिक्षण प्रक्रियालाई तीब्रता प्रदान गर्न आवश्यक छ।

यसै गरि सन् २०१५ को सेप्टेम्बरमा सम्पन्न संयुक्त राष्ट्रसंघको साधारण सभाले २०१६ देखी २०३० सम्ममा हासिल गर्नुपर्ने दिगो विकासका १७ वटा लक्ष्य र १६९ वटा उप-लक्ष्यहरु पारित गरेको छ। दिगो विकासका लक्ष्यहरुले विशेष गरी हरेक व्यक्तिको स्वाभिमान, स्वतन्त्रता, समानताका साथै भोक, गरीबीको अन्त्य गर्दै शिक्षित तथा स्वस्थ जीवनयापनका लागि परिकल्पना गर्दछ। यसका साथै यी लक्ष्यहरुले गरिबीको रेखामुनी रहेका बालबालिका, किशोरकिशोरी, महिला, अपाङ्गता भएका व्यक्ति, यौनीक अल्पसंख्यक, पछाडि पारिएका समुदाय जस्तै दलित, जनजाति,

आदिवासीहरुको आवश्यकताहरुलाई समेट्ने उद्देश्य राखेको छ । चरम गरीबीको अन्त्य गर्न, असमानता हटाउन, विभेदसँग लड्न र पछाडि परेका व्यक्ति र समुहको द्रुत गतिमा प्रगति गर्नका लागि कोही पनि पछाडी नछुटुन् भन्ने मुख्य सिद्धान्तलाई दिगो विकासका लक्ष्यले अंगिकार गरेको छ । दिगो विकास लक्ष्यले व्यक्तिको मर्यादालाई विकासको मुख्य आधारको रुपमा स्थापित गरेको छ । कोहि पनि पछि नछुटुन् भन्ने अवधारणाले समावेशी र दिगो विकासका उपलब्धि र नतिजा प्राप्तिका लागि विशेषत परम्परागत रुपमा सिमान्तकृत, विपन्न र जोखिम अवस्थामा रहेका व्यक्ति र समुहलाई विकासको प्रकृयामा ल्याउने कुराको सुनिश्चित गर्दछ । दिगो विकास लक्ष्य सामाजिक, आर्थिक र वातावरणीय विकासको एक विश्वव्यापी अवधारणा हो । सन् २०३० सम्ममा सबै प्रकारका विभेदहरु उन्मुलन गरी समानता र न्यायमा आधारित समाजको आधार तयार गर्न आवश्यक पर्ने लक्ष्यहरु राखिएका छन् । दिगो विकासका लक्ष्यहरुले समानता र न्यायमा आधारित समाज, मानव, पृथ्वी, समृद्धि, शान्ति जस्ता सवालहरुको साझेदारीमार्फत संभव छ भनी प्रतिवद्धता जनाएको छ । लैङ्गिक समानता दिगो विकास लक्ष्य मध्येको एक महत्वपुर्ण लक्ष्य हो जुन लक्ष्य नं. ५ मा राखिएको छ । यसका साथै लैङ्गिक समानता सबै लक्ष्यहरुमा मुलप्रवाहीकरण गरिएको छ ।

यसरी स्थानीय सरकार स्वय सरकार भएकाले आफनोतह: बाट लैगिक समानता र समावेसिकरण विकासका लागि महत्वर्पुण भुमिका का साथ जिम्मेवारी लिन आवश्यक भएको हुनालेनै विद्यामान राष्ट्रिय र अन्तरराष्ट्रिय कानुनका आधारमा स्यम तहले लैगिक समानता र समावेशि परिक्षण आवश्यक ठानी पालिकाको लैससास स्थिति पत्तालगाई अगामि दिनमा यसका सुधारका प्रयाशका लागि पालिका द्धारा पारित लैससास निर्देशिका २०७६ बमोमि लैससास परिक्षण गर्ने निणर्य गरयो र परिक्षण द्धारा देखिएका सुधारात्मक पक्षहरुलाई अगामि आर्थिक बर्षको बार्षिक बजेट, पालिका द्धारा तर्जुमा गरिने नीति, नियम, योजनाहरुमा लैगिंक सम्बेदनसिलतालाई ध्यान दिने र बार्षि रुपमा लैससास परिक्षण समेत गरि समाजिक न्यनको सिद्धान्तलाई अवलम्बन गर्न गण्डकी गाँउपालिका प्रबिद्ध छ ।

## २. अध्ययनको महत्व :

नेपालमा महिलालाई लैंगिक रुपले नै भेदभाव गरिएको पाइन्छ । पितृसत्तात्मक समाज भएको कारणले महिलालाई पैतृक सम्पत्तिबाट बञ्चितीकरण, समान ज्यालाबाट बञ्चितीकरण, क्षमतामा अविश्वास आदि जस्ता भेदभावहरू गरिएको पाइन्छ । यस्ता भेदभावहरूका कारण समाजमा महिलाहरू आर्थिक, सामाजिक, राजनैतिक आदि सबै हिसाबले पछाडि परेका छन् । देशमा महिला जनसंख्या पुरुषको तुलनामा बराबर ( अझ त्यो भन्दा बढी) हुँदाहुँदै पनि राज्य सञ्चालनका विभिन्न तह तप्का जस्तो कि सरकार, संसद, प्रशासन, न्यायालय आदिमा महिलाको संख्या कम भएको तथ्य हाम्रा सामु नै छन् । हाम्रा समाजका आदिवासी जनजाति, मधेसी, दलित समुदायमाथि जातीय आधारमा पनि विभेदहरू छन् । त्यसैले यी समुदाय भित्रका महिलाहरू एक त महिला भएकै कारण विभेदमा छन् भने अर्को आदिवासी जनजाति, मधेसी अथवा दलित भएको कारणले पनि विभेदमा छन् । मुलुकमा लोकतन्त्र मात्र भएर पुग्दैन । त्यो लोकतन्त्र सामाजिक एवम् लैंगिक दृष्टिकोणले समानतामूलक पनि हुनु पर्दछ । भएन भने त्यसले मुलुकको समग्र विकासलाई प्रभावित गर्ने त छँदैछ, साथै असन्तुष्टि बढाई समाजमा द्वन्द्व पनि सिर्जना हुन जान्छ ।

लोकतान्त्रिक व्यवस्थामा पुरुष सरह महिला पनि पूर्ण रुपले स्वतन्त्र र समानताका हकदार हुन्छन्, महिलाको पनि आत्म सम्मानको कदर हुन्छ र राज्यका सम्पूर्ण स्रोत साधनमा महिलाको पनि सहज पहुँच हुन्छ । त्यसैलाई नै लैंगिक उत्तरदायी लोकतन्त्र मान्न सकिन्छ । महिलाका व्यवाहारिक तथा रणनीतिक आवश्यकता पहिचान गरी समानतामा पुग्न तथा समानतामूलक सकरात्मक विभेदका कार्यक्रमहरुलाई प्राथमिकता दिई व्यवहारमा उतार्न लैङ्गिक मूलप्रवाहिकरणको आवश्यकता पर्दछ । यसै सन्दर्भमा नेपालको संबिधान २०७२ आफैमा लोकतान्त्रिक र समावेशी रही महिला, दलित, पिछडीएको क्षेत्र, जनजाती, मुस्लिम, बालबालिका लगायतका आधारभुत मौलिक हक अधिकारहरु सुनिश्चित गरिएको छ र स्थानीय तह अर्थात सरकार का एकल अधिकार जिम्मेवारीका साथै साझा अधिकार अन्तरगत लैंगिक समानता तथा समाबेशिकरण लाई मुल प्रबाहिकरण गर्ने कुराहरु उल्लेख भएको छ । यसका साथै नेपाल सरकार ले अन्तरराष्ट्रिय क्षेत्रमा जनाएका प्रतिबद्धताहरुमा लै.स.सा.स.एक महत्वपूर्ण पक्ष हो र यस बिषयमा स्थानीय सरकार स्वयत्त सरकार

भएका ले यसले तर्जुमा गर्ने नीति नियमहरुमा, योजना तथा रणनीतिहरुमा र बार्षिक कार्यक्रम तथा बजेटमा लैससास लाई प्राथमिकता दिई अगाडी बढाउनु पर्ने दायित्व छ । यसकारण गाँउपालिकाको लैससासका क्षेत्रमा आफ्नो स्थान एबं अवस्था कहा छ र कुन कुन क्षेत्रमा सुधार गर्नु पर्ने हो भन्ने कुराको जानकारी लैससास परीक्षणको माध्यमबाट मात्र सम्भव भएकाले यस को अध्ययन जरुरी रहेको छ ।

## ३. लैङ्गिक समानता सामाजिक परीक्षण परीक्षणको उद्देश्यहरु

- लैंगिक समानता तथा समाजिक समावेशीकरण परीक्षण मार्फत गाउँपालिकाको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला र सामाजिक रुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुलाई समावेश गरि, लैङ्गिक समानता र सबै जातजाती तथा समुदायको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक अन्तर तथा सामाजिक विभेद प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक मूलप्रवाहिकरण र सशक्तिकरण गर्दै लैजाने ।
- महिला र सीमान्तकृत समुहहरुलाई समावेश गरि उनीहरुको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी गाउँपालिकाको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने ।
- गाउँपालिकाको सवै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याङ्कन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने ।
- स्थानीय तहको दीर्घकालिन,आवधिक र बार्षिक योजनामा लैङ्गिक मूलप्रवाहीकरणलाई संस्थागत गर्नु ।
- समावेशीकरणको लक्ष्यलाई स्थानीय तहको संरचना र कार्य योजनामा स्थान दिन ।
- लैससास अवधारणा अनुसार यसको प्रयोगलाई सरलीकृत रुपमा स्थानीयकरण गरि स्थानीय सरकारले गर्ने सम्पूर्ण विकासका कार्यहरुलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चता, उपलब्धीको समतामूलक वितरण र उपयोगी बनाउने ।

## ४. अध्ययनका क्षेत्रहरु

लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण स्थानीय सरकारको महत्वपूर्ण जिम्मेवारी क्षेत्र हो र यो एउटा cross cutting सवालको रुपमा रहेको छ त्थसकारण गाँउपालिकामा यसको मुलप्रबाहिकरणका लागि स्थानीय सरकाद्धारा सम्पादन गर्ने सबै क्षेत्रहरुमा लैगिक दृष्टिकोणले तल उल्लेख गरिएका क्षेत्रहरुको अध्ययन यस परीक्षणमा गरियो ।

क) कानुन तथा नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण
ख) लैससास विश्लेषणमा आधारित योजना तर्जुमा
ग) योजना कार्यान्वयन, अनुगमन/नियमन र मूल्याङ्कन
घ) आन्तरिक संरचना
ङ) क्षमता विकास
च) नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता
छ) सेवा प्रवाह र संस्थागत संस्कृति
ज) सुशासन

## ५. अध्ययनको तरीका र विधि

**तरिकाः** लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यक्रम मुख्यतः तीन चरणमा विभाजन गरि सम्पन्न गरिएकोछ ।

### १. तयारी चरण

लैससास परीक्षणका उद्देश्य र प्रकृयाका वारेमा जनप्रतिनिधी र कर्मचारीहरुलाई जानकारी गराउने, अभिमुखीकरण गर्ने । कायर्शाला गोष्ठीको पूर्व तयारी तथा चाहिने सामग्रीहरूको व्यवस्था गर्ने । जनप्रतिनिधी तथा कर्मचारीहरुसँग तयारी वैठक बस्ने, लैससास परीक्षणको लागि सहभागीहरूको सूची तयार गर्ने,

लैससास कार्यशाला गोष्ठी सञ्चालनको लागि मिति, स्थान, समय अवधि तोक्ने लैससास परीक्षणका लागि कार्यदल बनाई गाउँपालिकाको दस्तावेजहरू (जस्तै बार्षिक योजना, आवधिक योजना, बार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, चौमासिक/बार्षिक समिक्षाको प्रतिवेदन, गाउँपालिका प्रोफाईल, विभिन्न समयमा भएका निर्णयहरू आदिको लैससासको दृष्टिकोणबाट विश्लेषण र पुनरावलोकन गरि प्रारम्भिक प्रतिवेदन तयार पारिएको थियो । ।

**२. कार्यान्वयन चरण**

गाउँपालिकाको लैससास परीक्षणका लागि २०७६ माघ २९ गते गठित कार्यदलले लेखाजोखाको लागि कार्यविधीमा तोकिएको ढाँचा अनुसारको प्रश्नावलीहरूमा छलफल गरी अंक दिइएको थियो । त्यस बाट प्राप्त नतिजालाई माकुरे जालोमा चित्रण गरी **२०७६ फाल्गुन २७** गते गाउँपालिकाका पदाधिकारी र कर्मचारीको सहभागितामा प्रस्तुतीकरण गरिएको थियो । प्रश्नावलीमा आधारित भएर छलफल गर्दा काम सम्पन्न भएकोलाई १ अंक, आंशिक सम्पन्नलाई ०.५ र कुनै पनि काम नभएकोलाई ० अंक प्रदान गरिएको थियो । पूर्णाङ्क अंक प्राप्तलाई सवल पक्ष र त्यसभन्दा कम प्राप्ताङ्कलाई सुधार गर्नुपर्ने पक्षमा राखिएकोछ । पहिचान गरिएका सुधार गर्नुपर्ने पक्षहरूलाई समाधान गर्ने हिसाबले कार्ययोजना तयार गरिएकोछ । यस कार्ययोजनालाई गाउँपालिकाले नियमित अनुगमन गरी सुधार भएका पक्षहरूलाई माकुरे जालोमा थप्दै उपलब्धिहरूलाई आंकलन गर्नुपर्ने हुन्छ । साथै सुधार गर्नुपर्ने पक्षहरूलाई पुनः कार्ययोजना बनाई निरन्तर कार्यान्वयन गर्नुपर्ने हुन्छ ।

**३. प्रतिवेदन चरण**

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण कार्यविधीमा उल्लेख भएको लैससास परिक्षणको अनुसुचीमा उल्लेख भएको प्रगति प्रतिवेदनको ढाँचामा प्रतिवेदन तयार पारिएको छ । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण गर्दा सहभागीहरू बीच भएको छलफलबाट आएको निचोडलाई प्रतिवेदनको प्रमुख प्राप्तीको खण्डमा उल्लेख गरिएको छ ।

**विधिः** गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्नका लागि गाउँपालिका अध्यक्षको संयोजकत्वमा ९ सदस्यीय गापा उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, कार्यपालिका सदस्यहरु, योजना प्रमुख ना.सु. र योजना सल्लाहकार, ईन्जिनियर सहितको लैससास परिक्षण कार्यदल गठन गरिएको थियो । लैससास परिक्षणका लागि निम्न विधिहरु अपनाई गाउँपालिकाको लैससासको अवस्था विश्लेषण गरिएको थियो ।

१. दस्तावेज समिक्षा : लैससास कार्यदलले गण्डकी गाउँपालिकाको दस्तावेजहरू (जस्तै ऐन, कानून, नीति, कार्यविधि, क्षमता विकास योजना, बार्षिक योजना, आवधिक योजना, बार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन र गाउँपालिका प्रोफाईल, तथा विभिन्न समयमा भएका निर्णयहरू आदिको लैससासको दृष्टिकोणबाट अध्ययन, विश्लेषण र पुनरावलोकन गरी प्रारम्भिक प्रतिवेदन तयार गरिएको थियो ।

२. लक्षित समुदाय छलफल : लैससास परीक्षणका क्रममा गाउँपालिकासँग प्रत्यक्ष सरोकार राख्ने उपभोक्ता समितिका पदाधिकारीसंग अझ वढि जानकारी लिनका लागि लैससास सम्वन्धि सवालहरुमा केन्द्रित रहि सो समुदायसंग छलफल गरिएको थियो ।

३. कार्यशाला संचालन (सूचकहरुको लेखाजोखा) :

(क) लैससास परिक्षण कार्यविधी २०७६ को अनुसूची १ बमोजिमका सूचक अनुसार अंकभार दिनका लागि १ दिने कार्यशाला संचालन गरिएको थियो । लैससास परिक्षणका लागि समावेश गरिएका मुख्य ८ वटा सूचक र प्रत्येक सुचकहरुमा ७ वटा प्रश्नहरुको आधारमा गाउँपालिकाका पदाधिकारीहरू र कमर्चारीहरूसँग छलफल गरिएको थियो । सहभागितात्मक छलफलको आधारमा उक्त वुँदामा राम्रो देखिएकोमा १, मध्यम देखिएकोमा ०.५ र नभएकोमा ० अंकहरू प्रदान गरिएको थियो ।

(ख) मुख्य ८ वटा सूचकहरूमा प्राप्त अंकहरूलाई माकुरेजालोको चित्र बनाई सहभागीहरू माझ उक्त नमुना चित्र राखिएकोछ । सो चित्रले देखाएका राम्रा पक्षहरूलाई निरन्तरता दिंदै, कमजोर पक्षहरूलाई सुधार गर्दै आगामी दिनहरूमा गाउँपालिकालाई एक आदर्श स्थानीय तहको रुपमा स्थापित गर्न आवश्यकताहरूको पहिचान गरी लैङ्गिक तथा सामाजिक समावेशी विकासका लागि एकिकृत कार्ययोजना बनाई अगाडि बढाउन यो लैससास परिक्षण गरिएकोछ ।

४. प्रतिवेदन तयार : यस कार्यविधिको अनुसूची ६ मा उल्लेख भएको लैससास परिक्षणको प्रतिवेदनको ढाँचामा प्रतिवेदन तयार गरिएकोछ । लैङ्गिक समानता तथा सामाजिक समावेशी परिक्षण गर्दा सहभागीहरू बीच भएको छलफलबाट आएको निचोडलाई प्रतिवेदनका रुपमा तयार गरिएकोछ ।

## ६. सहभागिहरु

- गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष,गाउँकार्यपालिकाका सदस्यहरु तथा वडाका वडा सदस्यहरु, गाउँपालिका अन्तर्गत विभिन्न शाखामा कार्यरत कर्मचारीहरु,महिला तथा सामाजिक बञ्चितिकरणमा परेका व्यक्ति एवम् समुहहरु लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणका मुख्य सहभागिहरु हुन् ।

## ७. विश्लेषणका औजारहरु

- लक्षित समुह छलफल : गाँउपालिकाद्धारा गठित बिभिन्न समुदायमा आधारित समुहरु, टोल विकास संस्थाहरु, उपभोक्ता समितिहरु, महिला समुह, कृषि समुह अन्तरगत आबद्ध सदस्यहरु संग लैससास मा आधारित प्रश्नावलि तयार पारि लक्षित समुह छलफल गरियो ।
- लैंङ्गिक समानता तथा सामाजिक समावेशी पक्षबाट गाउँपालिकाको संस्थागत र कार्यक्रमको माकुरे जालो (Spider wave Module) विधिबाट विश्लेषण ।
- प्रमुख व्यक्तिहरुसंग अन्तरवार्ता: लैससास निर्देशिकामा उल्लेख भएका ८ वटा क्षेत्र अन्तरगतका ५६ वटा सुचकहरुमा आधारित प्रश्नावलि तयार पारि गाँउपालिमा कार्यरथ प्रमुख व्यक्तित्वहरु संग अन्तरवार्ता गरिएको छ ।
- गाउँपालिकाको सवल र कमजोर पक्ष एवं अवसर तथा चुनौतिहरूको बिश्लेषण (Strength, opportunities, threats  and weakness analysis)
- कार्याशाला संचालन : लैससास निर्देशिकामा उल्लेखित सुचकहरुको scoring कार्याशला जहा गा.पाका मुख्य व्यक्तिहरु, शाखा प्रमुख, कर्मचारीहरुको उपस्थितिमा ५६ वटा सुचकहरुको बिश्लेषण गरियो ।
- कार्य योजना तयार : लैससासमा देखिएको ग्याप अर्थात कमजोर सुचकहरुको व्याख्या गरि लैससासका बृहत क्षेत्रहरुमा आधारित कार्य योजना तयार गरिएको छ ।

## ८. परीक्षणबाट आएका मुख्य प्राप्तिहरु

### *८. १ गाँउालिकाको कानुन तथा नीतिमा लैङ्गिक समानता तथा समावेशीकरण*

गण्डकी गाउँपालिकामा तर्जुमा गर्ने कानुन (ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड), नीति र रणनीति तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिले आशिक सहभागिता हुने गरेको देखिन्छ त्यसकारण यस मा ०.५ अंक प्राप्त भएको छ तर पनि  यस्ता प्रकारका दस्तावेजहरु तयार गर्दा सम्पूर्ण लिङ्ग, बर्ग,जाती,भाषाभाषी समुदायका मानिसहरुलाई छलफलमा सहभागि गराई उनीहरुको सुझावलाई समेत समाविष्ट गरेर तयार अझै हुन सकेको देखिदैन र अगामि दिनमा यस क्षेत्रमा बञ्चितिकृत बर्गको सहभागिता सुनिश्चि गरिनु पर्छ ।  र कानुन निर्माण गर्दा महिला तथा बञ्चितकरणमा परेको समुदायको सुझावहरु लिईने गरेको छ तर लिखित सुझावहरु भने अहिले सम्म लिईएको छैन् । संविधान र ऐन कानुनले निदृष्ट गरेका बाहेक समुदायको, लक्षित बर्गको मागमा आधारित स्थानीय ऐन कानुन बनाउदा आवश्यक सुझवहरु लगिएको छ तथापि पर्याप्त सुझाहरु भने लिन सकिएको अवस्था छैन् ।
तर्जुमा गरेका ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड,नीति र रणनीतिका बारेमा निर्वाचित पदाधिकारी तथा कर्मचारीहरुलाई अभिमुखीकरण नभए पनि कानुन छलफलको क्रममा सबै निर्वाचित सदस्यहरुमा कानुनको डाफ्ट जाने गरेको र पालिकाले पारित गरेका कानुनको बारेमा आसिक जानकार रहेको अवस्था छ । तर समान बुझाईको लागि निर्वाचित प्रतिनिधिहरुलाई प्रत्येक कानुननको बारेमा अभिमुखिकरण अनिवार्य देखिन्छ । स्वकृत भएका केही कानुनहरु पलिकाको बेवसाईटमा राखिएका छन् त्यसकारण यो सुचकमा ०.५ अंक प्राप्त गरेको देखिन्छ र सबै कानुनहरु पलिकाको ववसाईटमा राखिए सबैको पहुचमा तथा जानकारीमा कानुन रहने छन् । लैससास सम्बन्धि केही कानुनहरु जस्तै अपांगता, बालबालिका, लैससास सम्बन्धि नीति तर्जुमा सोही बर्गको सहभागितामा आंसिक रुपमा गरिएको छ । बञ्चितिकरणमा परेका बर्गहरुलाई ध्यानमा राखेर बिशेष खालका कार्यक्रमहरु तय गरिएको अवस्था छैन् । समग्रमा ७ अंकमा, यस क्षेत्रमा ३ अंक प्राप्त गरेको छ र प्रशस्त कार्य गर्न बाकी छ त्यसकारण कानुन निर्माणमा जन प्रतिनिधि, लक्षित बर्ग, बञ्चित बर्ग महिलाहरुको सहभागिता सहित बिशेष कार्यक्रम बढाउदै जानु पर्ने हुन्छ ।

### ८.२. लैससास विश्लेषणमा आधारित योजना तर्जुमा

गाउँपालिकाले आवधिक योजना र क्षेत्रगत योजनाहरु तयार गरेको छैन र लैगिक उत्तरदायि बजेट का आधारमा बार्षिक बजेट तयार गर्ने र सो सम्बन्धि कार्या योजनाहरु तयार पारिएका छैनन् । बार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा पालिकाले वडा स्तरमा योजना तर्जुमा गर्दा वडामा बसोबास गर्ने महिला, वञ्चितिकरणमा परेका व्यक्तिहरुको उल्लेख्य सहभागिताका साथ वडा योजना तर्जुमा गरिएको हुदा यसमा पालिका को अवस्था राम्रो देखिन्छ र जुन अभ्यासलाई अगामी बर्षहरुमा समेत निरन्तरता दिनु उपयुक्त हुन्छ । बार्षक कार्यक्रम लाई विभिन्न समितिहरु भित्र समावेश गर्ने र लक्षित बर्गहरुलाई लक्षित गरि बजेट कार्यक्रमहरु तर्जुमा गरिएको ले यस मा ०.५ अंक प्राप्त गरेको अवस्था छ र बिशेष खालका कार्यक्रम संचालनका लागि आसिक प्रयाश गरिए पनि पुर्णरुपमा हेर्न सकिएको अवस्था भने छैन् ।

### ८.३. योजना कार्यान्वियन, अनुगमन र मूल्यांकन

गण्डकीगाँउपालिका अन्तरगत उपभोक्ता समिति गठन गर्दा वडा सदस्यको उपस्थितिमा आम भेला गर्ने गरेको र उक्त भेलामा सहजीकरणका लागि वडाका कर्मचारी र वडा सदस्यहरुको प्रमुख भुमिका हुने गरेको पाइएको छ । अधिकांश उपभोक्ता समितिमा ३३ प्रतिशत भन्दा बढी महिलाको सहभागिता रहेको र अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला सदस्य रहेको पाइएको छ भने उक्त उपभोक्ता समितिमा लैङ्गिक तथा वहिस्करणमा परेका व्यक्ति र समुह, लाभान्वित समूहको समेत प्रतिनिधित्व भएको छ ।

अनुगमन तथा सुपरिवेक्षण समितिले विगतमा अनुगमनका क्रममा अनुगमन सूचकहरुको प्रयोग गरी अनुगमन गर्ने नगरेको र तर अनुगमनका क्रममा देखिएका सवालहरु कार्य समितिमा छलफल भने हुने गरेको छ । चालु आर्थिक बर्षबाट अनुगमन निदेर्शिका तयार गरि लैससास सम्बन्धि सूचकहरु समावेश गरी अनुगमन गर्ने अभ्यास थालिने छ तथापि आगामी दिनमा यसलाई प्रभावकारी रुपमा कार्यान्वयनका लागि समयसापेक्ष अनुगमन सूचकहरुमा परिमार्जन गर्दै अनुगमन गर्नु पर्ने देखिन्छ ।

लैङ्गिक तथा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको आपसी किचलो र समयमै सूचनाहरु प्राप्त गर्न नसक्दा उनीहरुको उत्थानका लागि तर्जुमा गरिएका कार्यक्रमहरु मध्ये केहि कार्यक्रम सम्पन्न भएको र केहि सम्पन्न नभएको देखियो । तसर्थ आगामी दिनमा समयमै सूचना प्रवाह गरी योजना कार्यान्वयनमा तत्पर रहनुपर्ने देखिन्छ । यद्यपि सम्पन्न योजनाहरुबाट लैङ्गिक तथा वहिस्करणमा परेका व्यक्ति र समुहहरुलाई लागत अनुरुप पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने गरेको पाइएन तसर्थ आगामी दिनमा यस्ता प्रकारका योजनाहरु कार्यान्वयन पश्चात् लागत अनुरुप पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्नु अपरिहार्य देखिएको छ ।

### ८.४ आन्तरिक संरचना

गाउँपालिकामा गठित न्यायिक समितिमा लैङ्गिक तथा सामाजिक रुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको प्रतिनिधित्व भएको छ भने वडा तहका मेलमिलाप केन्द्र गठन भएको तर समावेशि भने आनसिक रुपमा भएको छ । मेलमिलाप केन्द सहजकर्ता ४८ घण्टा तालिम प्राप्त व्यक्ति मात्र मेलमिलाप केन्द्र सहजिकरणका लागि अन्यव्याक्तिहरु असम्भवप्राय देखिन्छ र यस्ता किसिमका तालिम पाप्त सहजकर्ताहरु मेलमिलाप केन्द्रमा रहेका छैनन तथापि चालु बर्षमा गाँउपालिकाले ४८ घण्टे तालिम तत्काल संचालन गर्ने योजना तयार गरेको छ । न्यायिक समिति र मेलमिलाप केन्द्रमा दर्ता भएका र समाधान भएका विवादहरुको स्पष्ट अभिलेख राखेको पाइएकोले आगामी दिनमा अझै खण्डीकृत तथ्याङ्क सहितको अभिलेख व्यवीसथतरुपमा राख्नु पर्ने देखिन्छ ।

गाउँपालिकाद्धारा गठित समितिहरु, उपसमिति तथा कार्यदलमा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको समानुपातिक प्रतिनिधित्व भए पनि पूर्ण हुन भने सकेको छैन ।

लैङ्गिक तथा सामाजिक रुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको विकासका लागि छुट्टै कोषको स्थापना गरी उनीहरुको हितमा उक्त कोष संचालन गर्नु आवश्यक देखिए को र बिपद व्यवस्थापन कोष, आर्थिक सहायता कोष, महिला सम्बन्धि कोष, छात्राबृति कोष स्थापना केहि हद सम्म भएको पाइएको छ । स्थापित कोषलाई कोष सञ्चालन कार्यविधि बनाइ आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गर्नु आवश्यक छ ।

महिला,अपाङ्ग,दलित, आदिबासी र जनजाती आदिको विकासको लागि बिभिन्न समिति गठन गरी उनीहरुको आवश्यकता बमोजिम कार्यक्रम तर्जुमा गर्नु पर्ने आवश्यकता भए पनि कार्यक्रमको आधारमा बजेट तयार पारिन्छ र बजेट अनुसारको खर्च गरी सोही अनुसार आर्थिक प्रतिवेदन प्रस्तुत गरिन्छ ।

### ८.५ क्षमता विकास

गाउँपालिकाले क्षमता विकास योजना तयार नगरेको भए पनि पालिकाले विभिन्न निकायहरुले संचालन गर्ने क्षमता विकास तालिमहरुमा सहभागि पठाउदा र स्वयमले आयोजना गर्ने तालिमहरुमा लैससास लाई मद्यनजर राख्ने गरेको छ । क्षमता विकास का लागि स्व मुल्यांकन आवश्यक भए पनि सो को लागि कार्यशाला संचालन गरिएको छैन र आवधिक योजना, क्षेत्रगत योजनाहरु समेत तयार भई नसकेको स्थिति छ तथापी बार्षिक कार्यक्रममा क्षमता विकासकास बिशेष गरि कर्मचारीहरुको अनुशिक्षण, तालिम र संस्थागत क्षमता विकासका कार्यक्रमहरु भने नियमित रुपमा संचालन भई रहेको छ । निर्वाचित प्रतिनिधिहरु, महिला तथा बञ्चितमा परेका कर्मचारीहरु क्षमता विकास तालिमहरु छनौट गर्दा लैससास दृष्टिकोणले आंसिक रुपमा हेरिने गरिन्छ । आगामी दिनमा सम्पूर्ण बर्ग,समूह र क्षेत्रका सहभागिहरुलाई समेटेर क्षमता विकास गर्नु आवश्यक छ । यस्ता प्रकारका कार्यक्रममा स्वरोजगारी सृजना गर्न सक्ने क्षेत्रलाई प्राथमिकतामा राखेर सञ्चालन गर्न सकेमा उनीहरुको आय आर्जन क्षमतामा बृद्धि भइ स्वरोजगारको अवस्था सृजना हुन सक्ने सम्भव प्राय देखिन्छ । पालिका स्तरिय लचेकसेवा कक्षा संचालन गरिएको र कक्षाका माद्यमबाट शिक्षा सेवा र निजामति सेवा प्रबेशका लागि बाटो खाल्ने प्रयाश भएको थियो ।

समग्रमा यस क्षेत्रमा गाँउपालिका धेरै नै कमजोर रहेको देखिन्छ जम्मा ७ अंकमा २ अंकमात्र प्राप्त गरि अगामि दिनमा क्षमता विकास योजनाका साथ लैससासका हिसावले कर्मचारीहरु लगायत निर्वाचित पदाधिकारीहरुको व्यक्तिगत र संस्थागत सबै क्षत्र लिंग, बर्ग, भुगोलको क्षमता सुदृढ गर्नु पर्ने देखिन्छ ।

### ८.६ नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता

नेपाल सरकारले अन्तरराष्ट्रिय जगतमा व्यक्त गरेका प्रतिबद्धताहरुमा गाँउपालिका द्धारा निर्माण गरिने आवधिक, क्षेत्रगत योजनाहरुमा लैससास नीति तथा प्रतिबद्धताहरु समावेश गरि नसकेको अवस्था भए तापनि बार्षिक योजना तयार गर्दा लैससास नीति तथा प्रतिबद्धताहरु समाबेश भने हुने गरेका छन् । महिला बिरुद्ध हुने सबै प्रकारका विभेदहरु,हिंसाहरु बिरुद्ध गाउपालिकाले बार्षिक कार्यक्रमहरुमा समेटेको छ । संयुक्त राष्ट्रसंघीय वाल अधिकार महासन्धी १९८९ मा गरिएको प्रतिवद्धता कार्यान्वयनका लागि वजेट विनियोजन गरेको छ र सोका लागि बालबालिका लक्षित कार्यक्रम तथा बजेट विनियोजन गरेको छ । यति भन्दै गर्दा गाउँपालिकाले तर्जुमा गर्ने नीति नियम र बार्षिक योजनामा लैससास सम्बन्धि विकास का सवालहरु समावेश गरेको छ र अगामि दिनमा सबै प्रकारका बिभेद, हिंसा अन्त्यका लागि सघन कार्यक्रम सहित नीति तयार गरि लागु गर्नु पर्छ ।

कोहि पनि पछाडी नछुटुन् भन्ने कुराको सुनिश्चितताको लागि अध्ययन र विश्लेषण गरी तथ्याङ्क अद्यावधिक गरिएको छ र पालिका मा गैह्र सरकारी साझेदार संस्थाहरु संग मिलेर कार्यहरु हुने गरेको छ ।

लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको साथै जोखिममा परेका समुदायका लागि विशेष कार्यक्रम सहित दिगो विकासका लक्ष्यहरुको स्थानीयकरणका लागि स्थानीय तहले सरोकारवालाहरुसँगको सहकार्यमा कार्य गरिएता पनि प्रर्याप्त भने छैन ।

### ८.७ सेवा प्रवाह र संस्थागत संस्कृति

गत आ.व. मा सेवा सुविधामा पहुँच नभएका समुदायहरुका लागि सेवा प्रवाहमा पहुँच पुर्‍याउन घुम्ति शिविर संचालन गरिएको थियो । बालबालिका, जेष्ठ नागरिक, महिला र अपांगमैत्री भौतिक संरचना निर्माणकार्य गैह्र सरकारी संस्थाहरुको साझेदारीमा सुरु गरिएको अवस्था छ र गर्भा अवस्था र सुत्केरी महिला कर्मचारीहरुलाई गाँउपालिकाले कुनै पनि किसिमको जटिल कार्यमा लगाउने गरेको छैन । निर्माण गरिएका नयाँ भवनहरमा लैगिक मैत्रि शौचालयहरु बन्नेक्रममा रहेका छन् । राष्ट्रिय तथा स्थानीय अभियान र सम्बन्धित मुद्धाहरुमा (जस्तै निकृष्ट प्रकारको वालश्रम, वाल विवाह, वहुविवाह, दाइजो प्रथा, वोक्सी, छुवाछुत प्रथा तथा घरेलु हिंसा, महिला हिंसा उल्मुलन र नियन्त्रणका लागि) अभियानरचेतनामूलक कार्यक्रमहरु सञ्चालन हुने गरेको छ तर प्रयाप्त भने छैन् । महिला हिंसा विरुद्दको शुन्य सहनशिलता प्रति गाँउपालिका सचेत रहेको र कार्यक्षेत्रमा हुने यौनजन्य हिंसा र दुर्व्यवहारको सम्वोधन गर्ने गरिएको छ । गाउँपालिकामा लैससासमैत्री आचरण, भाषा, व्यवहार आदि प्रयोगमा आएको छ र यस्ताखालका व्यवहार, वोलि अगामि दिनमा निरन्तरता गर्नु पर्ने र गाएपालिका लगायत अन्य वडा र यस अन्तरगतका सबै कार्यालयहरुमा यसको दायरा बढानु पर्ने हुन्छ ।

*८.८ सुशासन*

गण्डकी गाउँपालिकाले हालसम्म गाउँपालिकास्तरिय सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, आनसिक रुपमा गरेको छ र लैससास परिक्षणको अभ्यास यसै चालु आर्थिक बर्षबाट थालनि भएको छ। गुनासो सुन्ने अधिकारीको व्यवस्था नगरि सकेको अवस्था छ, । सामुदायिक सुचना पाटीको व्यवस्था मार्फत सेवाग्राहीलाई सेवाप्रवाहको बारेमा जानकारी गराइएको, वडा तहमा नागरिक वडापत्र जस्ता सामाजिक जवाफदेहिताका औजारहरुको कार्यान्वयन प्रभावकारी ढंगबाट भएको तर पालिका स्तरमा नागरिक बडापत्र राखि नसकिएको अवस्था छ तथापि उक्त सामाजिक जवाफदेहिताका औजारहरुको प्रयोग गर्दा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको सहभागिता सुनिश्चित गर्ने नगरिएकोले आगामी दिनमा यस्ता बर्गको अर्थपूर्ण सहभागिता हुनु पर्ने देखिन्छ।

जवाफदेहीता सम्बन्धि औजाहरु जस्तै सार्वजनिक सुनुवाईका लागि बहिर्गमन अभिमत र नागरिक प्रतिवेदनको प्रयोग मार्फत सेवाग्राहीले भोगेका वास्तविक समस्याको उजागर हुने भएकाले आगामी दिनमा यस्ता प्रकारका औजारहरुको प्रयोग अनिवार्य देखिन्छ। हाल गाउँपालिकाको वेभसाइट निर्माण भई बिभिन्न महत्वपूर्ण सूचनाहरु यसै वेभसाइट मार्फत सार्वजनिकिकरण गर्ने अभ्यास भइरहेको र आगामी दिनहरुमा गाउँपालिकाको बार्षिक नीति, कार्यक्रम तथा बजेट, आय-व्यय, पार्श्वचित्र, जोखिम नक्साकंन, आवधिक तथा रणनीतिक योजनाहरु, पञ्जीकरणको तथ्यांक, सामाजिक सुरक्षा भत्ताको विवरण तथा अन्य नियमित सूचनाहरुलाई सबैले बुझ्ने सरल र सजिलो भाषामा अद्यावधिक गर्न आवश्यक देखिएको छ साथै यस्ता प्रकारका सूचनाहरु स्थानीय संचार माध्यम र सूचना पाटीबाट प्रकाशित गर्ने प्रचलनलाई अरु बढवा दिन आवश्यक देखिन्छ।

आगामी दिनमा लैससासका राम्रा अभ्यासहरु, घटना अध्ययन आदिको प्रकाशन गर्ने नगरेको,बिभिन्न समितिहरुमा छलफल गर्ने नगरेको, अन्य स्थानीय तह, नागरिक समाज तथा प्रदेश र संघ सम्वन्धित निकायहरुसंग आदान प्रदान गर्ने र सूचना, शिक्षा र संचारका साधनहरुको प्रभावकारी प्रयोगका लागि सम्पूर्ण सहभागिहरुको एकमत देखिएकाले यसलाई तत्काल कार्यान्वयन गर्न आवश्यक देखिएको छ।

# ९. लैससास बजेट परिक्षण बिधिवाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था

*९.१ परीक्षण पश्चात सूचकहरुले प्राप्त गरेका अंक*

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याई को आधार | कैफियत |
|---|---|---|---|---|---|
| १ | कानुन तथा नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | ७ | ३ | | |
| क | गाउँपालिकाले तर्जुमा गर्ने कानुन (ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड), नीति/रणनीति तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिले सहभागिता हुने गरेको छ वा छैन ? | ० - १ | ०.५ | गाउँ कार्यपालिकाको वैठक, सभाको उपस्थिति तथा भएका निर्णयहरू | |
| ख | कानुन तथा नीति निर्माणको क्रममा लाभग्राही विशेषत: महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायको सुझाव लिईएको छ वा छैन ? | ० - १ | ०.५ | सेवा ग्राहिहरु संग गरिएको, कार्यशाला प्रतिबेदन आदिमा सुझावहरु समावेश | |
| ग | हालसम्म स्वीकृत भएका कानुनहरु र नीतिहरुका बारेमा पदाधिकारी तथा कर्मचारीहरुका लागि अभिमुखिकरण भएको छ वा छैन र समान बुझाई छ वा छैन ? | ० - १ | ०.५ | कार्यपालिका बैठक निर्णय | |

| | | | | | |
|---|---|---|---|---|---|
| **घ** | स्वीकृत भएका कानुन र नीतिहरु वेवसाइटमा राखिएको साथै प्रकाशन गरी सबैको पहुँचमा हुने गरी पालिकाका सम्वन्धित शाखाहरु र वडा कार्यालयमा राखिएको छ वा छैन ? | ० - १ | ०.५ | वेवसाइट,प्रत्यक्ष अवलोकन | |
| **ङ** | गाउँपालिकाको लैससास नीति छ वा छैन ? तर्जुमा गरिएको भए लाभग्राही विशेषतः महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायसंग छलफल गरी सुझाव समावेश गर्ने गरिएको छ वा छैन ? | ० - १ | ०.५ | लैससास नीतिको मस्यौदा कार्यपालिका बैठकमा अध्ययनको क्रममा रहेको | |
| **च** | महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायहरु लक्षित गरी छुट्टै नीति, निर्देशिका वा कार्यविधिहरु वनेका छन् वा छैनन् ? (जस्तै अपांगता मैत्री, वालमैत्री, लैङ्गिक मैत्री, दलित वा जोखिममा परेको र अन्य समुदायको सामाजिक तथा आर्थिक रुपान्तरणका लागि वनाइएको नीति कार्यविधिहरु) | ० - १ | ०.५ | अपांगता परिचय पत्र वितरण, वालवालिका सम्बन्धि नीति का.स.बाट पास भएको | |
| छ | बञ्चितिकरण र जोखिममा परेका व्यक्ति र समुदायको लागि विशेष कार्यक्रम तथा बजेट तय भएको छ वा छैन ? | ०–१ | ० | | |
| २ | **लैससास विश्लेषणमा आधारित योजना तर्जुमा** | ७ | २ | | |
| क | आवधिक योजनाको उद्देश्य, रणनीति तथा नतिजामा लैगिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको आर्थिक तथा सामाजिक हैसियतमा परिवर्तन एवम् रुपान्तरण ल्याउने गरी स्पष्टरुपमा उल्लेख गरिको छ वा छैन ? | ०–१ | ० | | |
| ख | आवधिक तथा क्षेत्रगत योजना (जस्तै स्वास्थ्य, शिक्षा, खानेपानी, कृषि, विपत जोखिम व्यवस्थापन आदि) तर्जुमा गर्दा गाउँ पार्श्वचित्रवाट प्राप्त लिङ्ग, उमेर, भूगोल, जातजाति, भाषा, सस्कृति, वर्ग, अपाङ्गता भएका व्यक्ति आदि अनुसारको छुट्टाछुट्टै अवस्था विश्लेषण गरि आवश्यकता पहिचान गर्ने गरिएको छ वा छैन ? | ०–१ | ० | | |
| ग | आवधिक, क्षेत्रगत, लैससास नीती अनुरुप वार्षिक नीती तथा कार्यक्रम वनाइने गरेको छ वा छैन ? यस्ता नीति र वार्षिक कार्यक्रम वीचको तादम्यता छ वा छैन ? | ०–१ | ० | | |
| घ | वार्षिक योजना तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी बजेट ९न्व्य० तर्जुमा प्रक्रिया अवलम्बन गरी कार्ययोजना तयार गर्ने गरिएको छ ? | ०–१ | ० | | |
| ङ | बस्तीस्तरको योजना तर्जुमा प्रक्रियामा सबै प्रकारका लिङ्ग र समुदायको अर्थपूर्ण सहभागिता हुने गरेको छ वा छैन ? | ०–१ | १ | वस्ती स्तर र वडा स्तरका बैठक निर्णयहरु | |
| च | बार्षिक कार्यक्रम तर्जुमा गर्दा विषयगत समिति अनुसार छुट्याईएको बजेट र कार्यक्रममा लैससासलाई स्पष्ट रुपमा संवोधन गर्ने गरी विषयगत कार्यकमहरु तयार गरिएको छ वा छैन ? | ०–१ | ०.५ | बर्षिक योजना पुस्तिका | |
| छ | बञ्चितिकरण र जोखिममा परेका व्यक्ति र समुदायको लागि विशेष कार्यक्रम तथा बजेट तय भएको छ वा छैन ? | ०–१ | ०.५ | प्रजा, दलित, महिला समुदायकोलागि आर्थिक विकास | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | कार्यक्रम, बार्षिक योजना | |
| **३** | **योजना कार्यान्वयन, अनुगमन/नियमन र मूल्याङ्कन** | ७ | ४.५ | | |
| क | उपभोक्ता समिति गठन गर्दा आम भेला गर्ने गरिएको छ वा छैन ? उक्त भेलामा सहजीकरणका लागि कर्मचारी वा महिला वडा सदस्यहरुको भुमिका हुने गरेको छ वा छैन ? | ०–१ | १ | उ.स.बैठक पुस्तिका, निर्णय | |
| ख | उपभोक्ता समितिमा कम्तिमा ३३ प्रतिशत महिलाको सहभागिता छ वा छैन ? साथै अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला सदस्य रहने व्यवस्था छ वा छैन ? | ०–१ | १ | उ.स.बैठक पुस्तिका, निर्णय | |
| ग | उपभोक्ता समितिमा लैङ्गिक तथा वहिस्करणमा परेका व्यक्ति र समुह, लाभान्वित समूह उपस्थिति रहेको अवस्थामा तिनीहरूको समेत प्रतिनिधित्व हुने गरेको छ वा छैन ? | ०–१ | ०.५ | उ.स.बैठक पुस्तिका, निर्णय, आनसिक समावेश | |
| घ | योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ बमोजिम गठित सुपरिवेक्षण तथा अनुगमन समितिले अनुगमनका सूचकहरु वनाउदा लैससास सम्वन्धी सूचकहरु समावेश गरी सूचक वनाइएको छ वा छैन ? र अनुगमन प्रतिवेदन कार्यपालिकामा छलफल हुन्छ वा हुदैन ? | ०–१ | ०.५ | का.स. निर्णय, | |
| ङ | गत आ.व.को वार्षिक योजनामा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको उत्थानका लागि तर्जुमा गरिएका कार्यक्रम तथा वजेटको कार्यान्वयन पूर्णरुपमा भए वा भएनन् ? | ०–१ | ०.५ | बार्षिक योजना र प्रगति प्रतिवेदन | |
| **च** | सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्दा लैंगिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहलाई लागत अनुरुप पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने गरिन्छ ? स्थानीय तहले रुपान्तरणीय विकासको लागि सबै वर्ग वा व्यक्तिहरुलाई ज्ञान तथा सीप विकास गर्ने गरको छ वा छैन ? | ०–१ | ०.५ | प्राविधिक लागत, ईष्टिमेट, अनुगमन प्रतिबेदन, | |
| **छ** | नियमित रुपमा सबै प्रकारका सरोकारवालाहरुको सहभागितामा लैससास सम्वन्धी छलफल, सिकाई आदानप्रदान हुने गरेको छ वा छैन ? के यस्ता सिकाईहरु कार्यक्रमरयोजना तयार वा नीति निर्माण गर्दा समावेश गर्ने गरिन्छ ? | ०–१ | ०.५ | समिक्षा बैठक प्रतिवेदन आदी | |
| ४ | **आन्तरिक संरचना** | ७ | २.५ | | |
| क | गाउँपालिकामा गठीत न्यायिक समिति र वडा तहका मेलमिलाप केन्द्रमा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको प्रतिनिधित्व भएको छ वा छैन ? | ०–१ | ०.५ | बैठक निर्णय, रेकर्डहरु | |
| ख | न्यायिक समिति र मेलमिलाप केन्द्रमा दर्ता भएका र समाधान गरिएका विवादहरुको खण्डीकृत तथ्यांक (क्षेत्र र लाभान्वित) को अभिलेख राखिएको छ वा छैन ? | ०–१ | ०.५ | न्या.स. रेकर्ड | |

| | | | | | |
|---|---|---|---|---|---|
| ग | गाउँपालिकाले गठन गर्ने गरेका समितिहरु, उपसमिति तथा कार्यदलमा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको समानुपातिक प्रतिनिधित्व भएको छ वा छैन ? | ०–१ | १ | का.स.निर्णय पुष्तिका, अन्य समुह गठन निर्णयहरु | |
| घ | सामाजिक विकास शाखारमहिला तथा वाल विकास शाखा अन्तर्गत लैससास सम्पर्क व्यक्ति तोकिएको छ वा छैन ? | ०–१ | ० | | |
| ङ | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको विकासको लागि छुट्टै कोष तथा वजेटको व्यवस्था भएको छ (जस्तै वाल विकास कोष, अपाङ्गता विकास कोष, छात्रवृति कोष, दलित उत्थान विकास कोष आदि) ? उनीहरूको सक्रियता र आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गर्ने गरिएको छ वा छैन ? | ०–१ | ० | | |
| **च** | बाल हेल्पलाइन १०९८, बालबालिका हराएमा वा भेटिएमा १०४, महिला तथा बालबालिकामाथि हुने हिंसाको वारेमा उजुरी गर्न सकिने राष्ट्रिय महिला आयोगको टोल फ्रि नं. ११४५, घरेलु हिंसा जस्ता उपयोगी जानकारीहरु समुदाय स्तरसम्म प्रभावकारी ढंगबाट सूचना प्रवाह गर्न स्थानीय संयन्त्र प्रयोग गरी लाभग्राहीहरुलाई सूचना प्रवाह गरिने गरेको छ वा छैन ? | ०–१ | ० | | |
| **छ** | गाउँपालिकाले टोल विकास संस्था तथा समुदायमा आधारित संस्थाहरु वा समितिहरु (जस्तैः महिला समुह, आमा समुह, वाल क्लब, संचार समुह, कृषि समुह) दर्तारसूचीकृत गरी सक्रियरुपमा संचालनमा ल्याईएको छ वा छैन ? | ०–१ | ०.५ | समुह सुचिकृत रेकर्ड | |
| **५** | **क्षमता विकास** | ७ | २ | | |
| क | गाउँपालिकामा स्थानीय सरकारको संस्थागत स्व- मूल्याङ्कन गरी क्षमता विकास कार्ययोजना बनाईएको छ वा छैन ? यस्ता कार्ययोजनाका लागि आवधिक, क्षेत्रगत र वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्यवन गरिएको छ वा छैन ? | ०–१ | ० | | |
| ख | गाउँपालिकाले संचालन गर्ने क्षमता विकास कार्यक्रमहरुमा सहभागिहरुको छनौट गर्दा लैङ्गिक तथा सामाजिकरुपमा बहिष्करणमा परेका व्यक्ति र समुहलाई विशेष प्राथमिकतामा राखेर आवश्यकता पहिचानका आधारमा गर्ने गरिएको छ वा छैन ? | ०–१ | ०.५ | सहभागिहरु संगको छलफल, र तालिममा पठाएको पत्रहरु | |

| | | | | | |
|---|---|---|---|---|---|
| ग | गाउँपालिकाले स्वरोजगार वृद्धि गर्ने तथा बैदेशिक एवं रोजगारीमा जाने समुहको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयवन गर्ने गरको छ वा छैन ? स्थानीय तहले रुपान्तरणीय विकासको लागि सबै वर्ग वा व्यक्तिहरुलाई ज्ञान तथा सीप विकास गर्ने गरेको छ वा छैन ? | ०–१ | ०.५ | बार्षिक योजना पुष्तिका | |
| घ | तालिम प्राप्त व्यक्तिहरुको क्षमतामा आएको परिवर्तनका सम्बन्धमा प्रभावकारी अनुगमन गर्ने गरेको छ वा छैन ? तालिमप्राप्त व्यक्ति वा सेवाप्राप्त गर्ने समुदायको आर्थिक तथा सामाजिक सशक्तिकरणमा परिवर्तन भएको अभिलेखिकरण गर्ने गरिएको छ वा छैन ? | ०–१ | ०.५ | अनुगमन प्रतिबेदन र रेकर्डहरु | |
| ङ | गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास तालिममा लैससास सम्वन्धी छुट्टै विषय राखि तालिम दिने गरेको छ वा छैन ? | ०–१ | ० | | |
| **च** | गाउँपालिकाले महिलाहरुका रणनीतिक आवश्यकता पुरा गर्नका लागि लोक सेवा आयोग तयारी कक्षा, ग्रामीण महिला प्राविधिकहरु (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी) तयार गर्ने गरेको छ वा छैन ? | ०–१ | ०.५ | लोक सेवा कक्षा संचालन रेकर्ड | |
| **छ** | लैससास विकासको लागि संघीय सरकार अन्तर्गतका संवैधानिक आयोगहरु, प्रदेश सरकार तथा जिल्लास्तरका कार्यालयहरुसंग समन्वय गर्ने गरिएको छ वा छैन ? | ०–१ | ० | | |
| ६ | **नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता** | ७ | २.५ | | |
| क. | महिला विकासका लागि भएका बेईजिङ घोषणा पत्रका बाह्रवटा प्रतिवद्धता र दिगो विकासका सत्रवटा लक्ष्यहरु, बाल अधिकार, जातीय विभेद विरुद्धको अन्तराष्ट्रिय महासन्धी (ICERD), ILO, अपांगता भएका व्यक्तिहरुको अधिकार संरक्षण गर्ने महासन्धि आदिको वारेमा स्थानीय सरकारका प्रतिनिधि र कर्मचारीहरुलाई अभिमुखिकरण गरिएको छ ? कोहि पनि पछाडी नछुटुन् भन्ने कुराको सुनिश्चितताको लागि अध्ययन र विश्लेषण गरी तथ्याङ्क अद्यावधिक गरिएको छ ? | ०–१ | ० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ख. | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको साथै जोखिममा परेका समुदायका लागि विशेष कार्यक्रम सहित दिगो विकासका लक्ष्यहरुको स्थानीयकरणका लागि स्थानीय तहले सरोकारवालाहरुसँगको सहकार्यमा कार्य गरिएको छ वा छैन ? | ०–१ | ०.५ | बर्षिक योजना पुष्तिका | |
| ग. | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि (CEDAW) कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसंघीय सुरक्षा परीषदबाट पारीत प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरेका कार्यक्रम हरुमा रकम विनियोजन गरेको छ वा छैन ? | ०–१ | ०.५ | बर्षिक योजना पुष्तिका र म.बि.शा को रेकर्डहरु | |
| घ. | महिला विरुद्ध हुने सबैखालको हिंसा निर्मुल गर्ने कार्यक्रमहरु र सो अनुसारको वजेट विनियोजन गरी कार्यक्रम समयमै सम्पन्न गरेको छ ? | ०–१ | ०.५ | बर्षिक योजना पुष्तिका र म.बि.शा को रेकर्डहरु | |
| ङ | महिला अधिकार स्थापना र महिला माथि हुने हिंसा विरुद्धको विभिन्न दिवस र अभियान जस्तै महिला हिंसा विरुद्धको १६ दिने अभियान, किशोरी दिवस, अन्तराष्ट्रिय महिला दिवस, स्वच्छ महिनावारी दिवस सम्बन्धी कार्यक्रम संचालन गर्ने गरेको छ वा छैन ? | ०–१ | ०.५ | बर्षिक योजना पुष्तिका र म.बि.शा को रेकर्डहरु | |
| **च** | संयुक्त राष्ट्रसंघीय वाल अधिकार महासन्धी १९८९ मा गरिएको प्रतिवद्धता कार्यान्वयनका लागि वजेट विनियोजन सहित कार्यक्रम तयार गरी समयमै सम्पन्न गरेको छ वा छैन ? | ०–१ | ०.५ | बर्षिक योजना पुष्तिका र म.बि.शा को रेकर्डहरु | |
| छ | समाजमा विद्यमान जातीय विभेद र छुवाछुत सम्बन्धी सामाजिक, सांस्कृतिक र धार्मिक कुरीति र अभ्यास हटाउनका लागि वजेट विनियोजन सहित कार्यक्रम तयार गरी समयमै सम्पन्न गरेको छ वा छैन ? | ०–१ | ० | | |
| **७** | **सेवा प्रवाह र संस्थागत संस्कृति** | ७ | २.५ | | |
| क | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करण र जोखिममा परेका व्यक्ति र समुदायको नक्सांकन तथा वार्षिकरुपमा अद्यावधिक गर्ने गरेको छ वा छैन ? | ०–१ | ० | | |
| ख | गत आ.व. मा सेवा सुविधामा पहुँच नभएका समुदायहरुका लागि सेवा प्रवाहमा पहुँच पुर्याउन घुम्ति शिविर संचालन भए वा नभएको ? | ०–१ | ०.५ | घुम्ति सेवा रेकर्ड | |

| | | | | | |
|---|---|---|---|---|---|
| ग | बालबालिका, जेष्ठ नागरिक, महिला र अपांगमैत्री भौतिक संरचना (सार्वजनिक स्थल) निर्माण भएका छन् वा छैनन् ? स्थानीय तहले सेवाग्राहीहरु प्रतिक्षारत रहँदा बस्ने ठाऊँको उचित व्यवस्थापन जस्तै पिउने पानी, महिला/पुरुष शौचालय, प्रतिक्षालय आदि छ वा छैन ? | ०–१ | ०.५ | पुर्वाधार सम्बन्धि प्राविधिक डिजायन र फेज नेपालद्धारा संचालिक कार्यक्रमहरु | |
| घ | महिला कर्मचारीहरूको गर्भावस्था र बच्चालाई<br>स्तनपान सम्बन्धी संवेदनशीलतालाई ध्यान दिने गरिएको छ वा छैन (जस्तै गर्भवती महिलालाई जोखिमयुक्त, खतरायुक्त काममा लगाउन नपाइने) ? | ०–१ | ०.५ | ग.पा रेकर्ड र स्थलगत अवलोकन | |
| ङ | राष्ट्रिय तथा स्थानीय अभियान र सम्बन्धित मुद्धाहरुमा ( जस्तै निकृष्ट प्रकारको वालश्रम, वाल विवाह, वहुविवाह, दाइजो प्रथा, वोक्सी, छुवाछुत प्रथा तथा घरेलु हिंसा, महिला हिंसा उल्मुलन / नियन्त्रणका लागि) अभियान/चेतनामूलक कार्यक्रमहरु सञ्चालन हुने गरेको छ वा छैन ? | ०–१ | ०.५ | बर्षिक योजना पुष्तिका र म.बि.शा को रेकर्डहरु | |
| च | महिला हिंसा विरुद्दको शुन्य सहनशिलता अपनाईएको छ वा छैन ? कार्यक्षेत्रमा हुने यौनजन्य हिंसा र दुर्व्यवहारको सम्वोधन गर्ने गरिएको छ वा छैन ? | ०–१ | ०.५ | म.बि.शा को रेकर्डहरु | |
| छ | गाउँपालिकामा लैससासमैत्री आचरण, भाषा, व्यवहार आदि प्रयोगमा आएको छ वा छैन ? यस्तो व्यवस्थाका लागि पहल गरिएको छ वा छैन ? | ०–१ | ०.५ | म.बि.शा को रेकर्डहरु र शाखागत व्यवहारहरुको अवलोकान | |
| **८** | **सुशासन** | ७ | २.५ | | |
| क | स्थानीय तहले सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, लैससास परिक्षण, गुनासो सुनुवाई, सामुदायिक सुचना पाटी, नागरिक वडापत्र जस्ता सामाजिक जवाफदेहिताका औजारहरुको कार्यान्वयन प्रभावकारी ढंगबाट गर्ने गरेको छ वा छैन ? | ०–१ | ०.५ | सार्वजनिक परिक्षण प्रतिबेदनहरु, वडा नागरिक वडा पत्र, | |
| ख | सामाजिक जवाफदेहिताका औजारहरुको प्रयोग गर्दा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको सहभागिता सुनिश्चित गर्ने गरिएको छ वा छैन ? | ०–१ | ० | | |
| ग | गाउँपालिकाले नियमित रुपमा आयोजना गर्ने सार्वजनिक सुनुवाईमा बर्हिगमन अभिमत (Exit Poll) र नागरिक प्रतिवेदन पत्र (CRC) गर्ने गरेको छ वा छैन ? | ०–१ | ० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| घ | Website निर्माण गरी विभिन्न सूचनाहरु (बार्षिक नीति, कार्यक्रम तथा बजेट, आय-व्यय, पार्श्वचित्र, जोखिम नक्साकंन, आवधिक तथा रणनीतिक योजनाहरु, पञ्जीकरणको तथ्यांक, सामाजिक सुरक्षा भत्ताको विवरण तथा अन्य नियमित सूचनाहरु आदि) सार्वजनिकिकरण गर्ने गरेको छ वा छैन ? | ०–१ | ०.५ | वेबसाईट अवलोकन | |
| ङ | सार्वजनिक महत्वका सूचनाहरु साथै माथि "घ" मा उल्लेखित विवरण प्रकाशन गरी स्थानीय संचार माध्यम तथा सूचना पाटी वा सवैको पहुँचमा हुने स्थानमा सर्वजनिक गर्ने गरिएको छ वा छैन ? | ०–१ | ०.५ | वेबसाईट अवलोकन र गा.पा. रेकर्ड | |
| च | लैससासका राम्रा अभ्यासहरु, घटना अध्ययन आदिको प्रकाशन गर्ने, स्थानीय तहका समितिहरुमा छलफल गर्ने, अन्य स्थानीय तह, नागरिक समाज तथा प्रदेश र संघ सम्वन्धित निकायहरुसंग आदान प्रदान गर्ने गरेको छ वा छैन ? | ०–१ | ०.५ | बर्षिक समिक्षा प्रगति/तिवेदनहरु | |
| छ | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरूको पहुँचका लागि गरिएका सूचना, शिक्षा र संचारको (IEC materials ) प्रवाह गरिएको छ वा छैन ? गरिएको भए त्यसले स्थानीय तहको विकास कार्यहरूमा सहभागितामा वृद्धि ल्याएको छ वा छैन ? | ०–१ | ०.५ | एफ.एम रेडियो, पत्र पत्रिका, अनलाईन मेडिया, र गा.पा. रेकर्ड | |

***९.२ माकुरे जालो***

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्ग |
|---|---|---|---|
| १ | कानुन तथा नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | ७ | ३ |
| २ | लैससास विश्लेषणमा आधारित योजना तर्जुमा | ७ | २ |
| ३ | योजना कार्यान्वयन, अनुगमन/नियमन र मूल्याङ्कन | ७ | ४.५ |
| ४ | आन्तरिक संरचना | ७ | २.५ |
| ५ | क्षमता विकास | ७ | २ |
| ६ | नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता | ७ | २.५ |
| ७ | सेवा प्रवाह र संस्थागत संस्कृति | ७ | २.५ |
| ८ | सुशासन | ७ | २.५ |
| जम्मा | | | २१.५ |
| **उपलब्धि** | | | ३८% |




## १०. सवल पक्ष र सूधार गर्नु पर्ने पक्षहरु

| **सवल पक्ष** | **सूधार गर्नु पर्ने पक्षहरु** |
|---|---|
| गाँउपालिकाले ऐन, नियम, निर्देशिका, कार्यबिधिहरु त्यार गरेको यस क्रममा ११ ऐन र २५ नियम, निर्देशिका, कार्यबिधिहरु त्यार भएको । | ऐन, कानुन, निति तर्जुमा गर्दा लैससासको दृष्टीकोणवाट बञ्चितमा परेका वर्गहरुको सहभागिता गराई सुझावहरु लिदा राम्रो हुने छ । |
| कानुनहरु र नीतिहरुका बारेमा पदाधिकारी तथा कर्मचारीहरुका लागि अभिमुखिकरण केही हद सम्म भएको । | जन निर्वाचित पदाधिकारी एबं कर्मचारीहरुलाई प्रत्येक कानुन को अभिमुखिकरण गराउदा राम्रो । |
